# कपिलवस्तू नगरपालिका
## उन्नाइसौं नगरपरिषद्
## २९ पौष २०७१

आज मिति २०७१ साल पौष २९ गतेका दिन नेपाल सरकार (मन्त्रीपरिषद)को मिति २०६३/५/१२ को निर्णय एवं श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६८/९/१९ को निर्णय तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय निकाय सहयोग शाखाको च.नं. २७३ मिति २०६८/९/२० को पत्रानूसार नगरपरिषद्को क्षेत्राधिकार प्रयोग गर्दै आउनु भएका कार्यकारी अधिकृत श्री दिवाकर भूजेल को अध्यक्षतामा कपिलवस्तू नगरपालिकाको उन्नाइसौं नगरपरिषद्को बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १. | कार्यकारी अधिकृत श्री दिवाकर भुजेल | प्रमुख |

**सहजकर्ता**

| | | | |
|---|---|---|---|
| १. | श्री चण्डी प्रसाद देव | योजना तथा प्राविधिक शाखा प्रमुख | क.व.न.पा.का. |
| २. | श्री बलराम न्यौपाने | आर्थिक प्रशासन शाखा प्रमुख | क.व.न.पा.का. |
| ३. | श्री पदमराज श्रेष्ठ | प्रशासन शाखा प्रमुख | क.व.न.पा.का. |
| ४. | श्री गौतम शाक्य | सामाजिक विकास शाखा प्रमुख | क.व.न.पा.का. |
| ५. | श्री नारायण चौधरी | भौतिक पुर्वाधार उपशाखा | क.व.न.पा.का. |
| ६. | श्री हरिशंकर प्रसाद चौधरी | शहरी योजना उपशाखा | क.व.न.पा.का. |
| ७. | श्री जीवनाथ पाण्डेय | जिन्सी, पन्जिकरण उपशाखा प्रमुख | क.व.न.पा.का. |
| ८. | श्री फुलचन्द्र गुप्त | वातावरण उपशाखा | क.व.न.पा.का. |
| ९. | श्री सत्य गिरी | सामाजिक विकास शाखा | क.व.न.पा.का. |
| १०. | श्री रोशन गिरी | सामान्य प्रशासन उपशाखा | क.व.न.पा.का. |
| ११. | श्री जीतमन प्रसाद कान्दु | शहरी योजना उपशाखा | क.व.न.पा.का. |
| १४. | श्री सहाबुद्दीन दर्जी | राजश्व अभिलेख तथा सङ्कलन उपशाखा | क.व.न.पा.का. |

## निर्णय नं.१

कपिलवस्तु नगरपालिका कार्यालयको आ.ब. २०७०/०७१ को स्वीकृत कार्यक्रम तथा बजेट अनुसार सुपरिवेक्षण तथा अनुगमन समितिबाट अनुगमन तथा निरिक्षण भई प्राविधिकबाट भएको मुल्याङ्कन सहित कार्य सम्पन्न प्रतिवेदन अनुसार आयोजना जाँचपास समितिबाट जाँचपास तथा फरफारक भएका अनुसुची १ बमोजिमका आयोजनाहरु स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १२३ बमोजिम अनुमोदन गरियो ।

## निर्णय नं. : २

कपिलवस्तु नगरपालिकाको नगरपालिका बोर्ड बैठकबाट २०७० साल पौष ३० गते देखि २०७१ साल पौष २८ सम्म भएका निर्णयहरु अनुमोदन गरियो ।

## निर्णय नम्बर : ३

कपिलवस्तु नगरपालिकाको एकीकृत विकासका लागि आ.व २०७२/०७३ को लागि तपसिल बमोजिमको नीति तथा कार्यक्रम स्वीकृत गरियो ।

१. प्रशासनिक नीति

क) कर्मचारीहरुको योग्यता, कार्य क्षमता, अनुभव तथा कार्यबोझको आधारमा आन्तरिक शाखा सरुवा र राम्रो काम गर्ने लाई पुरस्कार, नराम्रो काम गर्ने लाई दण्ड, सजायको व्यवस्थालाई प्रभावकारी बनाइने छ ।

ख) नगरपालिकाको प्रशासनिक व्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणाली लाई चुस्त दुरुस्त, विश्वसनिय, सक्षम र प्रभावकारी तुल्याई नगरपालिकाबाट सम्पादित कामको जवाफदेहिता, पारदर्शिता, मितव्ययिता तथा न्यायिकता कायम गरिने छ ।

ग) मानव संशाधन विकास तथा संस्थागत क्षमता विकासलाई उच्च प्राथमिकता दिईने छ ।

२. आर्थिक प्रशासन तथा राजश्व परिचालन नीति

क) गत विगत आ.व.को फछ्र्यौट हुन बांकी पेश्की तथा बेरुजु र बक्यौता असुली कार्यलाई बिशेष प्राथमिकताका साथ अगाडी बढाइने छ ।

ख) बेरुजुलाई निरुत्साहित गर्दै जाने क्रममा कुल स्वीकृत कार्यक्रम तथा बजेटको १ (एक प्रतिशत) भन्दा बढी रकम बेरुजु नबढने नेपाल सरकारको नीति लाई सफलता प्रदान गर्न बिशेष पहल गरिनेछ ।

ग) गत विगत बर्षहरुमा आन्तरिक श्रोतका कर, शुल्क, महशुल अपेक्षित रुपमा असुली हुन नसकेको तथ्यलाई हृदयङ्गम गर्दै कर असुलीको व्यवस्थालाई प्रभावकारी बनाई नगर विकासको गति लाई दिगो र भरपर्दो बनाउनको लागि राजश्व असुलीको योजना बनाई कार्यान्वयन गरिने छ । नगरपालिकालाई बुझाउनु पर्ने चालु आ.व.को कर, शुल्क, महशुल जस्ता करहरु पौष मसान्त भित्र बुझाएमा १० (दश) प्रतिशत छुट दिने र गत आ.व.को कर, शुल्क, महशुल चालु आ.व.मा बुझाउंदा निर्धारित रकमको १० (दश) प्रतिशत जरिवाना सहित असुल गरिने छ ।

घ) आन्तरिक श्रोत परिचालन गर्न निजीक्षेत्र, नागरिक समाज, उद्योग बाणिज्य संघको सहभागिता, समन्वय, सहकार्यलाई अझ बढि प्रोत्साहित गर्न करदाताहरुलाई सम्मानित गर्ने पद्धतिलाई निरन्तरता दिईने छ ।

ङ) महिलाहरुको स्वामित्वमा रहेको घर नक्सा पास तथा व्यापार व्यवसायमा लाग्ने करमा १० (दश) प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

च) नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको आन्तरिक आयका श्रोतहरु पर्याप्त हुँदाहुँदै पनि साधन र श्रोतको पहिचान तथा समुचित उपयोग हुन नसकेको सन्दर्भलाई मध्येनजर गर्दै श्रोतको पहिचान र उचित व्यवस्थापनका लागि गरिएको राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदनलाई आन्तरिक श्रोत प्रक्षेपणको आधारमानी आय बृद्धि गर्दै लैजाने नीति अवलम्वन गरिने छ ।

३. भौतिक पूर्वाधार नीति

क) कपिलवस्तु नगरपालिका क्षेत्र भित्रका स(साना आयोजना सञ्चालन गर्नको साटो समयमै सम्पन्न हुनसक्ने गरी उपलब्धीमुलक आयोजनाहरु स्थानीय उपभोक्ता समिति समेतलाई सहभागी गराई सञ्चालन गर्न उच्च प्राथमिकता दिईनेछ ।

ख) राष्ट्रिय भवन निर्माण आचार संहिता, २०६० लाई क्रमश: लागु गर्दै लगिने छ ।

४. फोहरमैला तथा वातावरण व्यवस्थापन नीति

क) खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्यलाई प्रभावकारी बनाउदै आर्थिक बर्ष २०७२।०७३ भित्र कपिलवस्तु नगरपालिकालाई खुला दिशा मुक्त नगरपालिका घोषणा गर्ने प्रतिवद्धता लाई प्राथमिकताका साथ कार्यान्वियनमा लैजाने साथै घर निर्माणको नक्सा पास अनुमती दिने कार्यमा **एक घर एक शौचालय** भन्ने कथन लाई कडाईका साथ लागु गरिने छ ।

ख) नगरको सरसफाई तथा वातावरणीय स्वच्छता कायम राख्न सार्वजनिक निजी साझेदारीमा कार्यक्रम तय गरी वातावरणीय मैत्री विकास निर्माण प्रकृयालाई अगाडी बढाउने तथा वातावरणमैत्री स्थानीय शासन (EFLG) का सूचक तथा मापदण्डहरुलाई क्रमश: कार्यान्वयन गर्दै लगिनेछ ।

ग) सडक बत्ती व्यवस्थापनमा सौर्य उर्जा प्रविधिको उपभोग गर्दै "उज्यालो कपिलवस्तु" को नीति तय गरिनेछ ।

५. आर्थिक विकास तथा सामाजिक विकास नीति

क) सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समुहको लगत अधावधिक गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

ख) समावेशी र समतामुलक विकासको लागि महिला, बालबालिका, भिन्न क्षमता भएका, मधेशी, मुस्लिम, दलित, आदिवासी/जनजाती समुदाय लगायत पिछडीएको/पछाडी पारिएको क्षेत्रहरुमा वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र र टोल विकास संस्थाको माध्यमद्वारा एकीकृत प्याकेजको रुपमा लक्षित बर्ग कार्यक्रम तथा सामाजिक परिचालनद्वारा शहरी गरिबी न्युनीकरण र शहरी सुशासन कायम गर्दै लगिने छ ।

ग) सरकारी बिद्यालयमा अध्ययन/अध्यापन गर्ने छात्र(छात्रा तथा शिक्षकहरु मध्ये उत्कृष्ट नतीजा प्राप्त गर्ने/कार्य सम्पादन गर्ने छात्र(छात्रा तथा शिक्षकहरु, पत्रकार पुरस्कृत गर्ने नीति लाई निरन्तरता प्रदान गरिने छ ।

घ) जातीय भेदभाव तथा छुवाछुत सम्बन्धमा प्रचार(प्रसार गरी विभेदमुक्त समुन्नत समाजको निर्माण गर्ने ।

ड.) कपिलवस्तु नगरपालिका भित्र बसोवास गर्ने फरक क्षमता (अपाङ्गता) भएका, जेष्ठ नागरिक, र वालवालिकाहरुलाई कार्यालयबाट उपलब्ध गराउने सेवा तथा सुबिधा बिना कुनै झन्झट छिटो छरितो रुपमा पुर्‍याउने कार्यमा प्राथकिता प्रदान गरिने छ ।

च) आय तथा सीपमुलक कार्यक्रम/आयोजनाहरुलाई विशेष प्राथमिकता दिई लक्षित वर्ग (नेपाल सरकारले तोके बमोजिम) हरुको जीवनस्तर माथी उकास्न बिशेष कार्यक्रम तय गरिने छ ।

छ) निर्वाहमुखी कृषी तथा उद्योगलाई व्यवसायिकीकरण गर्दै विशिष्टीकृत बनाउदै लैजाने नीति अवलम्वन गरिनेछ ।

ज) विकास निर्माण लगायतका क्रियाकलाप तथा कार्यक्रमहरुलाई बालबालिका मैत्री बनाईने नीति अख्तियार गरिनेछ ।

झ) वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र र टोल विकास संस्थाको संस्थागत विकास तथा नयाँ गठनमा जोड दिइने छ ।

ञ) कपिलवस्तु नगरलाई पूर्ण साक्षर बनाउने नीति अवलम्वन गरी आवश्यक कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिनेछ ।

६. पारदर्शिता तथा सूचना व्यवस्थापन नीति

) नगरवासीलाई सुसुचित गराउने उद्देश्यले नगरपालिकाले गरेको विभिन्न क्रियाकलापहरुलाई **कपिलवस्तु नगर दर्पण** को प्रकाशन र Website को नियमित अध्यावधिक गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

ख) सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र आयोजना सुचना पाटीका माध्यमबाट पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वलाई संस्थागत गर्दै लैजाने नीतिलाई निरन्तरता प्रदान गर्ने ।

७. पर्यटन प्रवर्धन नीति

क) नगर क्षेत्र भित्र रहेका भगवान गौतम बुद्ध संग सम्बन्धीत तथा अन्य रमणीय, पुरातात्विक एवं ऐतिहासिक स्थल तथा सम्पदाको समुचित संरक्षण र मर्मत सम्भार गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

ख) विस्तारित कपिलवस्तु नगरपालिकाका सम्पूर्ण क्षेत्रहरुको एकीकृत विकासका लागि पर्यटन प्रवर्धन गुरुयोजना बनाई कार्यान्वयन गरिने छ ।

।

**निर्णय नं. : ७**

कपिलवस्तु नगरपालिकाको व्यवसायकर बक्यौता असुलीका सन्दर्भमा कतिपय व्यवसायहरु बन्द भै सकेपनि लगत कायम भैरहेको अवश्था समेत रहेकाले बक्यौता बुझाउने कार्यलाई प्रोत्साहित गर्ने अभिप्रायले चालु आ.व. र विगत २ आ.व. लाई छोडी त्यस भन्दा बिगतको बक्यौता रकममा ५० प्रतिशत छुट दिई बक्यौता असुल गर्न कपिलवस्तु नगरपालिका कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. : ८**

कपिलवस्तु नगरपालिकालाई बुझाउनु पर्ने बांकी बक्यौता कर, पेश्की बेरुजु, ऋण तथा अन्य बांकी बक्यौता रकम नबुझाउने तथा फरफारक नगरे सम्म सो व्यक्ति तथा निजको परिवारको सदस्यहरुलाई नगरपालिकाबाट दिने सम्पुर्ण सेवा सुविधा रोक्का राख्ने नीतिलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. : ९**

"स्वच्छ शहर ऐतिहासिक कपिलवस्तुको रहर" मुल नारालाई सार्थक बनाउन दैनिक रुपमा नगरपालिकाबाट निस्किने फोहोरलाई वैज्ञानिक रुपमा व्यवस्थापन गर्न कपिलवस्तु नगरपालिका भित्र स्यानिटरी ल्याण्डफिल्ड साइटको सम्भाव्यता अध्ययन गरी सर्भे, डिजायन, लागत अनुमान तयार गरी दिन श्री फोहोरमैला व्यवस्थापन तथा प्राविधिक सहयोग केन्द्र काठमाडौं र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत अन्य दातृ निकायमा समेत पुन: अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर : १०**

कपिलवस्तु नगरपालिका क्षेत्र भित्र दिनानुदिन बढ्दो शहरीकरणलाई सुव्यवस्थित गर्न आन्तरिक श्रोत न्युन भएकोले भौतिक पुर्वाधार विकास लगायत सेवाप्रवाह प्रभावकारी बनाउन कठिनाई पर्न गएको हुंदा स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम प्राकृतिक श्रोत बांडफांड वापत जिल्ला विकास समिति मार्फत प्राप्त हुने रकम उपलब्ध गराई दिन श्री जिल्ला बिकास समिति, कपिलवस्तुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर : ११**

हालसालैको नेपाल सरकारको निर्णयबाट विस्तारित भएको यस कपिलवस्तू नगरपालिकामा हाल गौतम बूद्धस"ग सम्बन्धित अधिकांश स्थलहरु आबद्ध भएर यसको ऐतिहासिक, सा"स्कृतिक र पर्यटकीय गरिमा विस्तार भएको सन्दर्भमा यस नगरलाई "प्राचीन कपिलवस्तू सा"स्कृतिक नगरपालिका" नामाकरण गरी राष्ट्रिय"अन्तर्राष्ट्रिय मान्यता प्रदान गरिदिनूहून नेपाल सरकारलाई अनूरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. :१२**

कपिलवस्तु नगरपालिकाको उन्नाइसौं नगरपरिषद् तयारीको सिलसिलामा २०७१ साल मंसीर २१ गते देखि २०७१ साल पौष २२ गतेसम्म भएको पूर्व योजना तर्जुमा, वडास्तरीय योजना तर्जुमा गोष्ठीहरु, बिषयगत निकायको सुझाव, एकीकृत योजना तर्जुमा समितिको सिफारिस, राजश्व परामर्श समितिको सिफारिस तथा सुझावहरुलाई समावेश गरि उन्नाइसौं नगरपरिषद् सम्पन्न गरियो साथै उन्नाइसौं परिषदमा समावेश हुन नसकेका अन्य बिषयहरुलाई यस बैठकबाट अनुमोदन गर्दै कार्यान्वयनका लागि सम्बद्ध निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर : १३**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार कपिलवस्तु नगरपालिका क्षेत्र भित्र विविध बिषयहरुमा बिषयगत समिति तथा कार्यदल र अन्य आवश्यक बिषयमा समिति तथा कार्यदल गठन गर्ने अधिकार न.पा. बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर : १४**

महामानव गौतम बूद्धको क्रीडास्थल यस नगरका विभिन्न चोक लगायतका स्थानहरुमा बूद्धको जीवनकालका विविध घटनाहरु झल्कने स्मारिकाहरु निर्माण गरिदिनूहून श्री सं"स्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र लूम्बिनी विकास कोषलाई अनूरोध गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर : १५**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५० अनुसार कपिलवस्तु नगरपालिका कार्यालयको स्वीकृत मौजुदा दरबन्दीमा कार्यरत कर्मचारीहरुको आ.व. २०७२/२०७३ को तलब मान सहितको तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. : १६**

कपिलवस्तु नगरपालिकाको आन्तरिक राजश्व अभिबृद्धिका लागि सार्वजनिक निजी साझेदारी अन्तर्गत व्यवसायकर, माछापोखरी, जग्गानापी, अतिथिगृह, बसपार्क, हाटबजार, पसलघर जस्ता क्षेत्रमा भएको सार्वजनिक निजी साझेदारीको प्रयासलाई निरन्तरता दिँदै जाने निर्णय गरियो ।

**निर्णय नं. : १७**

कपिलवस्तु नगरपालिकाको आ.ब. २०७२/०७३ मा सञ्चालन हुने विकास निर्माण आयोजनाहरुको बार्षिक कार्यक्रम तथा बजेट बमोजिमको कार्ययोजना सहितको अनूसुची २ र ३ बमोजिमको बार्षिक तथा मासिक कार्ययोजनालाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. : १८**

कपिलवस्तु नगरपालिकामा वडा कार्यालय नभएको हुंदा वडा सचिव समेतको जिम्मेवारी निर्वाहगर्ने कर्मचारीहरुलाई उन्नाईसौं नगरपरिषद् सम्पन्न गर्ने कार्यमा अतिरिक्त समय कार्य गरे वापत खाजा, खाना र यातायात खर्चका लागि प्रति व्यक्ति रु. ६,०००।०० (छ हजार) र दैनिक ज्यालादारी बाहेकका अन्य कर्मचारीहरुको लागि रु. १,५००।०० (एक हजार पाँच सय) का दरले उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नम्बर : १९

कपिलवस्तु नगरपालिका पदपूर्ति समितिको सदस्य-सचिवबाट पेश भएको आ.व. २०७०/०७१ र चालु आ.ब. २०७१/०७२ को हाल सम्मका कार्यहरुको वार्षिक प्रतिवेदन उपर छलफल गरी उक्त प्रतिवेदनलाई अनुमोदन गर्दै समितिका सम्पुर्ण पदाधिकारीहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

## निर्णय नं. :२०

कपिलवस्तु नगरपालिका कार्यालयको आ.ब. २०७०/०७१ को खर्च भएर नजाने जिन्सी सामानहरुको मिति २०७१/४/४ मा प्रस्तुत जिन्सी निरिक्षण प्रतिवेदनको आधारमा मिति २०७१/४/४ मा भएको निर्णय अनुसार स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१८ र २२६ बमोजिम लिलाम, मिन्हा गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं. : २१

कपिलवस्तु नगरपालिका कार्यालय बगैचा हेरचार, कार्यालयको सुरक्षा, सवारी चालक, सरसफाई तर्फका कार्यहरु आवश्यकता अनुसार सेवा करारबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. : २२

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ उपनियम १ र ३ बमोजिम कपिलवस्तु नगरपालिका कार्यालयमा आर्थिक बर्ष २०७२।०७३ देखि नगरपालिकाको लेखा प्रोदभावी (Accrual Accounting System) प्रणाली अनुसार राख्ने निर्णय गरियो ।

## निर्णय नं. : २३

कपिलवस्तु नगरपालिका कार्यालयको आ.व. २०७०/०७१ को अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर छलफल हुंदा उल्लेखित पेश्की तथा बेरुजुको लगत कसी नियमानुसार नियमित तथा असुल उपर गर्न कपिलवस्तु नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नम्बर : २४

नगर क्षेत्रका सार्वजनिक तथा व्यक्तिगत घर जग्गामा राखिएका व्यावसायिक तथा सार्वजनिक हित बिषयक होर्डिङ्ग बोर्डहरुलाई नगरपालिका कार्यालयमा नियमानुसार दर्ता, नविकरण गरी अनुमती लिएर मात्र राख्न पाउने व्यवस्थालाई कडाईका साथ लागू गर्ने तथा सो दायरामा नआउने होर्डिङ्ग बोर्डहरु नगरपालिकाले हटाउन लगाउने र सोमा लागेको खर्च समेत सम्बन्धीत बोर्ड धनीहरुबाट असुल उपर गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर : २५**

कपिलवस्तु नगरपालिका क्षेत्र भित्र रहेका बिभिन्न किसिमका ऐलानी पर्ती, गाउँ ब्लक, पोखरी, गडहा जस्ता सार्वजनिक जग्गाहरु ठाउँ-ठाउँमा अतिक्रमण गर्दै आईराखेको गुनासोहरुलाई मध्येनजर राखी उक्त जग्गाहरुलाई नियमानुसार अतिक्रमण हटाई खाली गराई सो जग्गाको सम्वर्धन, संरक्षण गर्नका लागि सम्बन्धीत निकायहरु संग समन्वय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. : २६**

कपिलवस्तु नगरपालिकालाई खुला दिशा मुक्त क्षेत्र बनाउने नीतिलाई मुर्त रुप दिन नगरवासीहरुको माग अनुसार विभिन्न स्थानमा आ.व २०७२/०७३ को लागि उपभोक्ता समितिद्वारा निर्माण तथा व्यवस्थापन हुने सार्वजनिक शौचालय निर्माण कार्यक्रम अगाडी बढाई शान्तीका दुत गौतम बुद्ध नगरी लाई स्वस्थ्य र सुन्दर बनाउने कार्यका लागि सहयोग गरि दिन शहरी विकास तथा भवन निर्माण विभाग र जिल्ला विकास समितिको कार्यालय तथा पश्चिम तराई खानेपानी तथा सरसफाई परियोजना कपिलवस्तु लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. : २७**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४७ बमोजिम स्थानीय निकायको परिषदबाट गरिनु पर्ने कार्य पटक-पटक परिषद बस्न संभव नंहुदा अत्यावश्यकीय कार्य सम्पादनका लागि आगामी परिषदबाट अनुमोदन गराउने गरि नगरपालिका बोर्ड लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. : २८**

कपिलवस्तु नगरपालिका कार्यालयको स्वीकृत संगठनात्मक स्वरुप तथा मौजुदा कर्मचारी दरबन्दीमध्ये दरबन्दी संख्या कायम राखी संगठन संरचनामा सामान्य हेरफेर र परिमार्जन गरी संशोधित संगठनात्मक विकास अध्ययन प्रतिवेदन (OD) स्वीकृत गर्ने ( अनुसूची-▲) निर्णय गरियो ।

**निर्णय नं. : २९**

यस कपिलवस्तु नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, आंशिक अपाङ्ग, पुर्ण अपाङ्ग, दलित बालबालिका र लोपोन्मूख जातजातिका व्यक्तिहरुको नामावली छलफल गरि सार्वजनिक गर्ने ( अनुसूची-॒) निर्णय गरियो ।

**निर्णय नं. : ३०**

कपिलवस्तु नगरपालिकाको विभिन्न वडाबाट माग भई आएका आयोजनाहरुमध्ये यस नगरपरिषदबाट सम्बोधन हून नसकेका आयोजनाहरुलाई आफ्नो कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिदिनूहून जिल्ला विकास समिति, श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सम्बद्ध मन्त्रालय तथा अन्य निकायमा अनूरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

चालू आर्थिक बर्ष २०७१।०७२ को सम्पुर्ण आर्थिक कारोवारको अन्तिम लेखापरिक्षण र गत विगत आ.व. हरुको सम्परिक्षणको लागि कपिलवस्तु नगरपालिकाको सिफारिस बमोजिम सुचिकृत ३ जना लेखापरिक्षकहरु मध्ये प्र.प.नं. ११६७ “ख” का दर्तावाल लेखापरिक्षक श्री अनूप कूमार थापा लाई लेखापरिक्षक नियुक्त गर्ने निर्णय गरियो ।

## निर्णय नं. : ३२

कपिलवस्तु नगरपालिकाको लागि देहाय बमोजिमका कार्यविधि तथा निर्देशिका स्वीकृत गरी लागू गर्ने निर्णय गरियो :

अ) मर्मत सम्भार विशेष कोष संचालन कार्यविधि २०७०

आ) दैवी प्रकोप उद्धार विशेष कोष संचालन कार्यविधि २०७०

इ) उपभोक्ता समिति संचालन तथा व्यवस्थापन निर्देशिका २०७०

ई) वारुणयन्त्र संचालन तथा व्यवस्थापन कार्यविधि २०७०

## निर्णय नं. : ३३

कपिलवस्तु नगरपालिकामा स्वास्थ्य सेवा सम्बन्धी बिभिन्न राष्ट्रिय कार्यक्रमहरुमा सहयोग गरे वापत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई खाजा भत्ता वापत दिँदै आएको दैनिक रु. १५०।- लाई बृद्धि गरी रु. २००।- कायम गर्ने, साथै सम्बद्ध निकायहरुस"ग समन्वय गरी राष्ट्रिय कार्यक्रमहरुका अतिरिक्त नगरक्षेत्रमा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई परिचालन गरी मासिक रुपमा खोप लगायत स्वास्थ्य कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

## निर्णय नं. : ३४

हालैको नेपाल सरकारको निर्णयबाट रासन भत्ता लिने कर्मचारीलाई स्थानीय भत्ता वापतको रकम उपलव्ध गराउन नमिल्ने व्यवस्था भएको, सो कारणबाट कपिलवस्तु नगरपालिकामा कार्यरत रासन भत्ता पाईरहेका विभिन्न तहका कर्मचारीको हकमा सेवासुविधामा कटौती भएको सन्दर्भमा यदि आगामी दिनमा रासन भत्ता पाउनेले स्थानीय भत्ता समेत पाउने व्यवस्था भएमा पून: साविककै भत्ता कायम हुने गरी हाल प्रदान गरिएको मासिक रु. १२०० रासन भत्तालाई बृद्धि गरी रु. २४०० कायम गर्ने निर्णय गरियो ।

## निर्णय नं. : ३५

कपिलवस्तु नगरपालिकाको आर्थिक बर्ष २०७०/०७१ को सामाजिक परिक्षण प्रतिवेदन उपर छलफल हुँदा प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई क्रमश: कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

## निर्णय नं. : ३६

कपिलवस्तु नगरपालिकाको संशोधित भवन निर्माण तथा सडक मापदण्ड सम्बन्धी निर्देशिका २०७१ लाई स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

## <u>निर्णय नं. : ३७</u>

भुकम्प, विपद वा अन्य प्रयोजनका लागि आफ्नो क्षेत्रभित्रका सार्वजनिक, पर्ती, ऐलानी जग्गाहरुको निश्चित क्षेत्रलाई खुला क्षेत्र तोक्नूपर्ने व्यवस्था भए अनूसार यस नगरपालिकाको निम्न क्षेत्रहरुलाई “खुला क्षेत्र” तोक्ने र यस विषयलाई सवैको जानकारीमा पुर्याउन प्रचार प्रसार गर्ने निर्णय गरियो ।

अ) वडा नं. ५ को खेलमैदान

आ) वडा नं. ११ को चपरतल्ला

## <u>निर्णय नं. : ३८</u>

कपिलवस्तु नगरपालिकामा हाल समावेश भएका साविक गोटिहवा र तिलौराकोट गा.वि.स. हरु (कपिलवस्तु न.पा. वडा नं. १५,१६,१७,१८ र १९) मा नक्सा पास प्रयोजनको हकमा चालु आ.व. को ग्रामिण क्षेत्रको लागि तोकिएको दस्तुरमा आ.व. २०७१।०७२ को लागि ७५ प्रतिशत र आगामी ३ आ.व सम्म क्रमश: ५०,५० र २५ प्रतिशत छुट दिई नक्सा पास गर्ने र न.पा घोषणा हुनु भन्दा अघि निर्माण भएका संरचनाहरुको स्वीकृतिको हकमा आगामी ३ आर्थिक बर्षका लागि तोकिएको दस्तुरमा ७५ प्रतिशत छुट दिई नक्सा पास सम्बन्धि कार्य गर्ने र अन्य कर दस्तुर को हकमा चालु आ.व २०७१।०७२ को लागि साविक गा.वि.स बाट निर्णय भए अनुसारको कर दरबन्दी कायम गर्ने साथै आ.व. २०७२।०७३ देखि एकीकृत सम्पत्ति कर लागू गर्न आवश्यक कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

## <u>निर्णय नं. : ३९</u>

कपिलवस्तु नगरपालिकाका हाल समावेश भएका साविक गोटिहवा र तिलौराकोट गा.वि.स हाल वडा नं १५,१६,१७,१८र १९ मा खानेपानीको अवश्था कमजोर रहेको हुंदा खानेपानी आयोजना संचालनका लागि सम्वद्ध निकायमा आवश्यक पहल गरि दिन जिल्ला स्थित खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय क.व. मा अनुरोध गर्ने निर्णय गरियो ।

## <u>निर्णय नं. : ४०</u>

कपिलवस्तु नगरपालिका वडा नं २ स्थित गौढी चोक देखि पूर्वमा रहेको गढाहामा चालु आ.व. मा स्वीकृत कार्यक्रम सम्पन्न पश्चात पसल घर सहितको बाल उद्दान निर्माणको लागि श्री नगर विकास कोष काठमाडौं मा अनुरोध गर्ने निर्णय गरियो ।

## <u>निर्णय नं. ४१</u>

कपिलवस्तु नगरको मुख्य राजमार्ग क्षेत्रमा जमुवार टोल देखि नयांटोल हुंदै भिक्षुचोकसम्म नागरिकको आवागमनलाई सहज बनाउन र शान्ति सुरक्षालाई थप प्रभावकारी बनाउन उक्त क्षेत्रमा सौर्य उर्जा जडित सडक बत्ति जडान गरि दिन जिल्ला विकास समिति, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र बैकल्पिक उर्जा प्रवर्धन केन्द्र लगायतका सम्बद्ध निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

## <u>निर्णय नं. : ४२</u>

कपिलवस्तु नगरपालिकाको उन्नाइसौं नगरपरिषद सफलतापुर्वक सम्पन्न गर्न आफ्नो अमुल्य समय दिई सुझाव सल्लाह तथा सकृय सहयोग गर्नु हुने राजनैतिक दलका प्रतिनिधि, विभिन्न समितिमा रहनु भएका सदस्यहरु, सञ्चारकर्मीहरु, व्यवसायीहरु, शिक्षक, नागरिक समाज, टोल विकास संस्था, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रका प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, सम्पुर्ण नगरवासी लगायत नगरपालिकाका सम्पुर्ण कर्मचारी प्रति हार्दिक धन्यवाद दिंदै उपरोक्तानुसारका निर्णय गरी उन्नाइसौं नगरपरिषद् सम्पन्न गर्ने निर्णय गरियो ।

ईति सम्बत् २०७१ साल पौष २९ गते विहीवार

wGo j f b - - -